महाराजगंज नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कृषि विकास शाखा

महाराजगंज, कपिलबस्तु
लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या :२०८०/०८१ मिति: २०८१/०१/२०
चलानी नं. :

**प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०१/२० गते**

**साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम निरन्तरता गर्ने सम्बन्धी सूचना ।**

महाराजगंज नगरपालिका कृषि विकास शाखाको आ.वं. २०८०/०८१ को वार्षिक स्वीकृत शर्सत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत धान बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता गर्नुपर्ने भएकोले गत आ.व. २०७९/०८० मा ५० प्रतिशत लागत साझेदारीमा कलष्टरमा धान बाली (पकेट) संचालन गरेका कृषक समूह/ सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात् मिति २०८१/०२/०३ गते भित्र प्रकाशित सूचना अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुवलको अनुसूचि-६ तथा अनुसूचि-७ अनुसारको आधारभूत तथ्यांक विवरण भरि देहायकका आवश्यक कागजातहरु निबेदन साथ संलग्न गरि कृषि विकास शाखामा पेश गर्नका लागि सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निबेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. कृषक समुह/ सहकारी/उपभोक्ता समिती दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी ( नियमाअनुसार नबिकरण/सूचिकृत भएको ) ।
२. धान पकेट निरन्तरता सम्बन्धी संस्थागत निणर्यको प्रतिलिपि ।
३. कृषि समूह/कृषि सहकारी तथा फर्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४.सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५ गत आ.व.को लेखापरिक्षण प्रतिबेदन ।
६.अध्यक्ष/प्रोपाईटरको नागरिकताको प्रतिलिपि ।
७.अनुसूचि-६ अनुसारको निबेदन तथा अनुसूचि-७ बमोजिमको विवरण फारम भरी पेश गर्नु पर्ने ।

**विस्तृत जानकारीको लागि महाराजगंज नगरपालिका कृषि विकास शाखामा सर्म्पक राख्नुहोला । सम्पर्क नम्बर - ९८६७३९१८३८, ९८१५४५८८३२, ९८६७३९९४०१**

रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत